# लिखुपिके राजपत्र

लिखुपिके गाउँपालिकाद्वारा प्रकाशित

**भाग -१**

**सूचना**

## लिखुपिके गाँउपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण ऐन, २०७७

प्रमाणिकरण मिति:२०७७/१२/११

**प्रस्तावना :** यस लिखुपिके गाँउपालिकाको निर्णय वा आदेश र अधिकारपत्र लगायतका अन्य लिखत कागजात प्रमाणीकरण गर्ने विधि र प्रक्रियालाई कानुन बनाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २१४ को उपधारा (५) को ब्यवस्थलाई कार्यान्वयन गर्न धारा २२६ को उपधारा (१) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी लिखुपिके गाँउपालिकाको गाँउसभाले यो ऐन बनाएको छ ।

**परिच्छेद् १**

**प्रारम्भ**

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस ऐनको नाम “लिखुपिके गाँउपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण ऐन, २०७७” रहेको छ ।

(ख) यो ऐन लिखुपिके गाँउपालिकाको स्थानीय राजपत्रमा प्रकाशीत भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) “अध्यक्ष” भन्नाले लिखुपिके गाँउपालिकाको अध्यक्षलाई सम्झनुपर्दछ ।

(ख) “उपाध्यक्ष भन्नाले लिखुपिके गाँउपालिकाको उपाध्यक्षलाई सम्झनुपर्दछ ।

(ग) “कार्यपालिका” भन्नाले लिखुपिके गाँउपालिकाको कार्यपालिकालाई सम्झनुपर्दछ ।

(घ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले लिखुपिके गाँउपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ ।

(ङ) “गाँउपालिका” भन्नाले लिखुपिके गाँउपालिकालाई सम्झनुपर्दछ ।

(च) “प्रमाणिक प्रति” भन्नाले निर्णय वा आदेश र अधिकारपत्र प्रमाणित गर्ने अधिकारीले हस्ताक्षर गरेको सक्कल प्रति सम्झनुपर्दछ।

(झ) “लिखत वा कागजात” भन्नाले देहायका बिषयहरुसँग सम्वन्धित निर्णय वा आदेश वा तत् सम्वन्धी अधिकरपत्रसँग सम्वन्धित लिखत वा कागजात सम्झनुपर्दछ।

(१) कार्यपालिकाले बनाएको नीति, नियम, निर्देशिका, कार्यविधि,

(२) कार्यपालिकाले जारी गरेको आदेश,

(३) कार्यपालिकाद्वारा पारित प्रस्ताव,

(४) कार्यपालिकाले जारी गरेको अधिकारपत्र,

(५) कार्यपालिकाले गरेको निर्णय,

(६) कार्यपालिकाबाट नियुक्ति हुने पदको नियुक्तिपत्र, सरुवा तथा अवकाश पत्र,

(७) कार्यपालिकाले जारी गरेको सूचना तथा सिर्जना गरेको तथ्यांङ्क वा अभिलेख सम्वन्धी लिखत वा कागजात,

(८) प्रचलित कानून बमोजिम प्रमाणीकरण गर्नु पर्ने अन्य लिखत वा कागजात।

(ञ) “सभा” भन्नाले लिखुपिके गाँउपालिकाको गाँउसभालाई सम्झनुपर्दछ।

(ट) “संविधान” भन्नाले नेपालको संविधान सम्झनुपर्दछ।

(ठ) “सूचना तथा अभिलेख केन्द्र” भन्नाले लिखुपिके गाँउपालिका अन्तर्गत स्थापना भएको दफा (११) बमोजिमको सूचना तथा अभिलेख केन्द्र सम्झनुपर्दछ।

## परिच्छेद् २

## लिखत वा कागजातको प्रमाणीकरण कार्यविधि

**३. नियमको प्रमाणीकरण कार्यविधिः** (१) कार्यपालिकाले बनाएको नियम कार्यपालिकाको वैठकबाट स्वीकृत भएपछि अध्यक्षले प्रमाणीकरण गर्नेछ।

(२) अध्यक्षले उपनियम (१) बमोजिम प्रमाणीकरण गर्दा नेपाली कागजमा तयार गरिएको नियमको कम्तीमा चार प्रतिमा मिति समेत उल्लेख गरी हस्ताक्षर गर्नु पर्नेछ र त्यस्तो प्रमाणीत प्रतिमध्ये एक एक प्रति देहाय बमोजिमका निकायमा पठाउनु पर्नेछ :

(क) प्रमुख प्रशासकीय अधिकृतको सचिवालय,

(ख) सूचना तथा अभिलेख केन्द्र,

(ग) नेपाल सरकारको संघीय मामिला हेर्ने मन्त्रालय,

(घ) प्रदेशको गाँउपालिका हेर्ने निकाय (मन्त्रालय वा विभाग)

(३) सूचना तथा अभिलेख केन्द्रले उपदफा (२) बमोजिम प्रमाणीकरण भएका नियम प्रकाशन गरी गाँउपालिकका सबै वडा कार्यालयमा पन्ध्र दिनभित्र पठाउनु पर्नेछ ।

(४) यस नियम बमोजिम प्रमाणीकरण भएको नियम प्रमुख प्रशासकीय अधिकृतले सर्वसाधारणको जानकारीको लागि सार्वजनिक गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

**४. नीति, निर्देशिका तथा कार्यविधिको प्रमाणीकरण:** (१) कार्यपालिकाले बनाएको नीति, निर्देशिका तथा कार्यविधि अध्यक्षसँगको परामर्शमा प्रमुख प्रशासकीय अधिकृतले तीन प्रतिमा हस्ताक्षर गरी प्रमाणीकरण गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्रमाणीकरण भएको प्रमाणित प्रतिमध्ये एक प्रति प्रमुख प्रशासकीय अधिकृतको सचिवालयमा, एक प्रति कार्यान्वयन गर्ने सम्वन्धित निकायमा र अर्को प्रति सूचना तथा अभिलेख केन्द्रमा पठाई कार्यान्वयन तथा अभिलेखवद्ध गर्नु पर्नेछ ।

(३) सूचना तथा अभिलेख केन्द्रले उपदफा (१) बमोजिम प्रमाणीकरण भएका नीति, निर्देशिका तथा कार्यविधि सबै वडा कार्यालयमा पठाउनु पर्नेछ ।

(४) यस ऐन बमोजिम प्रमाणीकरण भएको नीति, निर्देशिका तथा कार्यविधि प्रमुख प्रशासकीय अधिकृतले सर्वसाधारणको जानकारिको लागि सार्वजनिक गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

**५. कार्यपालिकाको निर्णय तथा प्रस्तावको प्रमाणीकरण** :(१) कार्यपालिकाको वैठकमा पेश हुने प्रस्ताव र बैठकको निर्णय अध्यक्षसँगको परामर्शमा प्रमुख प्रशासकीय अधिकृतले प्रमाणित गर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रमाणीकरण भएका निर्णय तथा प्रस्ताव सूचना तथा अभिलेख केन्द्रले सुरक्षित तवरले संग्रह गरी राख्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्रमाणित निर्णय प्रमुख प्रशासकीय अधिकृतले कार्यान्वयन गर्ने सम्वन्धित निकाय वा अधिकारीलाई पठाई त्यस्तो निर्णय सुरक्षित राख्नु पर्नेछ ।

(४) यस दफा बमोजिम प्रमाणीकरण भएको निर्णय प्रमुख प्रशासकीय अधिकृतले सर्वसाधारणको जानकारीको लागि सार्वजनिक गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

**६. आदेश वा अधिकारपत्रको प्रमाणीकरण:**(१) संविधान वा अन्य प्रचलित कानून बमोजिम कार्यपालिकाबाट जारी हुने आदेश वा अधिकारपत्रको प्रमाणीकरण अध्यक्षले गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रमाणीकरण भएको आदेश वा अधिकारपत्रको प्रमाणीत प्रतिमध्ये एक प्रति कार्यान्वयन गर्ने सम्वन्धित निकाय वा अधिकारीलाई र अर्को प्रति सूचना तथा अभिलेख केन्द्रमा पठाई अभिलेखवद्ध गर्नु पर्नेछ ।

(३) यस नियम बमोजिम प्रमाणीकरण भएको आदेश वा अधिकारपत्र प्रमुख प्रशासकीय अधिकृतले सर्वसाधारणको जानकारीको लागि सार्वजनिक गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

**७. न्यायिक समितिको निर्णय वा आदेशको प्रमाणीकरण:** (१) न्यायिक समितिको निर्णय वा आदेश उक्त समितिका संयोजकले प्रमाणितले गर्नेछन ।

(२) न्यायिक समितिको निर्णय वा आदेशको प्रमाणित प्रति प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको सम्वन्धित शाखाको कर्मचारीले संरक्षण गर्नेछ ।

(३) यस दफा बमोजिम भएको निर्णय वा आदेशको नक्कल लिन चाहेमा सरोकारवाला व्यक्ति वा संस्थालाई प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारीले नक्कल प्रति प्रमाणित गरी उपलब्ध गराउनु पर्नेछ ।

**८. सूचना तथा तथ्यांङ्क प्रमाणीकरणः** (१) स्थानीय स्तरको सूचना तथा तथ्यांङ्क, स्वीकृत बार्षिक कार्यक्रम, योजना तथा बजेट एवं कार्ययोजनाको प्रमाणीकरण प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ ।

(२) गाँउपालिकामा रहेको सूचना वा तथ्यांङ्क कसैले माग गरेमा अभिलेखमा जनाई सम्वन्धित शाखा प्रमुखले प्रमाणित गरी उपलव्ध गराउनु पर्नेछ ।

(३) यस ऐन बमोजिम कुनै सूचना, तथ्यांङ्क वा लिखत कागज वा कागजात नेपाल सरकार वा प्रदेश सरकारले माग गरेमा त्यस्तो सूचना, तथ्यांङ्क वा लिखत वा कागजात प्रमुख प्रशासकीय अधिकृतले प्रमाणित गरी उपलव्ध गराउनु पर्नेछ ।

**९. अन्य लिखत वा कागजातको प्रमाणीकरण :** (१) दफा ३, ४, ५, ७ र ८ मा लेखिएदेखि बाहेक गाँउपालिकासँग सम्वन्धित अन्य लिखत वा कागजातको प्रमाणीकरण गर्दा कार्यपालिकाबाट भएका वा जारी भएका लिखत वा कागजातको प्रमाणीकरण प्रमुख प्रशासकीय अधिकृतबाट हुनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै खास लिखत वा कागजात प्रमाणीकरणका लागि गाँउपालिकाको कानून बमोजिम कुनै खास अधिकारी तोकिएको रहेछ भने त्यस्तो लिखत वा कागजात त्यस्तो अधिकारीबाट प्रमाणीकरण हुनेछ ।

**१०. कार्यपालिकाबाट हुने नियुक्ति, सरुवा तथा अवकाशको प्रमाणीकरण** : (१) कार्यपालिकाबाट नियुक्ति हुने पदको नियुक्तिपत्र, सरुवा तथा अवकाश पत्रको प्रमाणीकरण प्रमुख प्रशासकीय अधिकृतबाट हुनेछ ।

(२) गाँउपालिकाको विभिन्न सेवाको अधिकृत वा सो सरहको पद र स्थायी नियुक्ति हुने अन्य पदमा प्रमुख प्रशासकीय अधिकृतले प्रमाणीकरण गरी नियुक्तिपत्र दिनेछ ।

(३) गाँउपालिकाको विज्ञ सेवा वा करारमा नियुक्त हुने पदमा प्रमुख प्रशासकीय अधिकृत वा निजले अख्तियारी दिएको सम्वन्धित शाखा प्रमुखले प्रमाणीकरण गरी नियुक्तिपत्र दिनेछ ।

(४) यस ऐनमा लेखिएदेखि वाहेक गाउँपालिकाको कानून बमोजिम नियुक्ति हुने अन्य पदको नियुक्ति प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकारीद्वारा प्रमाणीकरण हुनेछ ।

(५) यस ऐन बमोजिमको प्रामाणित प्रति प्रमुख प्रशासकीय अधिकृतले सुरक्षित राख्नु वा राख्न लगाउनु पर्नेछ ।

## परिच्छेद् ३

## सूचना तथा अभिलेख व्यवस्थापन

**११. सूचना तथा अभिलेख केन्द्र रहनेः** (१) लिखुपिके गाँउपालिकाकाबाट हुने निर्णय, आदेश लगायतका लिखत वा कागजातको प्रमाणीत प्रति लगायतका सूचना तथा अभिलेख व्यवस्थापन गर्न गाँउपालिकामा एक सूचना तथा अभिलेख केन्द्र रहनेछ ।

(२)उपनियम (१)बमोजिमको सूचना तथा अभिलेख केन्द्रले यस ऐन बमोजिम प्रमाणीकरण भएका लिखत वा कागजातको सक्कल प्रमाणीत प्रति सुरक्षित साथ राख्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम सूचना तथा अभिलेख केन्द्रले यस ऐन बमोजिम प्रमाणीकरण भएका महत्वपूर्ण लिखत वा कागजातको माइक्रो फिल्म तयार गरी राख्न सक्नेछ ।

(४) उपनियम (१) बमोजिमको सूचना तथा अभिलेख केन्द्रले लिखत कागजातको सिलसिलेवार रुपमा संग्रह गरी अभिलेख राख्नु पर्नेछ ।

**१२. अभिलेख व्यवस्थित गरी राख्नु पर्नेः** (१) यस ऐन बमोजिम प्रमाणीकरण भएको लिखत वा कागजातलाई गाँउपालिकाको सम्वन्धित विषयगत शाखा र सूचना तथा अभिलेख केन्द्रले सुरक्षित साथ अभिलेखवद्ध गरी राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अभिलेख राख्दा विद्युतीय प्रति समेत सुरक्षित गरी राख्नु पर्नेछ ।

**१३. सार्वजनिक गर्नुपर्नेः** यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानूनले गोप्य राख्नुपर्ने लिखत वा कागजात भनी तोके बाहेकका अन्य सबै लिखत वा कागजात सर्वसाधारणको जानकारीको लागि सूचना तथा अभिलेख केन्द्रले सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्नेछ ।

## परिच्छेद् ४

## विविध

**१४. अन्य प्रचलित कानून बमोजिम प्रमाणीकरण हुने विषयमा असर नपर्नेः** कुनै निर्णय वा आदेश प्रमाणीकरण सम्वन्धमा प्रचलित नेपाल कानूनमा छुट्टै व्यवस्था भएकोमा त्यस्तो बिषयमा यस ऐनमा लेखिएको कुराले कुनै असर पार्ने छैन ।

**१५.नियमावली तथा कार्यविधि बनाउन सक्नेः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक.नियमावली तथा कार्यविधि बनाउन सक्नेछ ।

**१६. बचाऊः** यसअघि स्थानीय तहबाट प्रचलित कानून बमोजिम भए गरेका निर्णय वा आदेश वा तत्सम्वन्धी अधिकारपत्रको प्रमाणीकरण यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

आज्ञाले,
कृष्ण पौडेल
प्रमुख प्रशासकिय अधिकृत